# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मोरङ
प्रदेश नं. १, नेपाल

फोन नं. : ०२१-५४५०५०
दमकल: ०२१-५४६६६६

प.सं. ०७४/७५
च.नं. १०३६

मिति २०७४/०९/११

पहिलो पटक प्रकाशित मिति २०७४/०९/१२

# सुन्दरहरैचा नगरपालिका कार्यालयको घरनक्सा पास सम्बन्धि अत्यन्त जरूरी सूचना ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ को देहाय १ मा नक्सा पास सम्बन्धि विशेष व्यवस्था गरीए बमोजिम यस ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानून बमोजिम नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत बेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धि मापदण्ड र आचार संहीता पालन भएको खण्डमा नगरपालिकाले यो ऐन प्रारम्भ भए पश्चात एक पटकका लागि देहायको व्यवस्था गरी नक्सा पास गर्न वा पास भएको नक्सामा हेरफेर गर्न स्वीकती दिन सकिने व्यवस्था भएको हुँदा सो को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

क) नक्सा पास गर्न सम्बन्धित व्यक्तिले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण साथ दरखास्त दिनु पर्नेछ ।

ख) म्याद भित्र दरखास्त पर्न आएमा स्थलगत रूपमा प्राविधिक जाँचबुझ गरी साँध सधियार समेत सँग बुझि भवन निर्माण सम्वन्धि मापदण्ड र संहीता पालन भए नभएको सम्बन्धमा कार्यालबाट यकिन गरीनेछ ।

ग) भवन निर्माण सम्बन्धि मापदण्ड र भवन संहीता पूरा गरेको यकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नका लागि लाग्ने दस्तुरको तेब्बर दस्तुत लिई नक्सा पास गरीने छ ।

घ) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए ता पनि अपाटमेन्ट हाउजिङ, होटल तथा अन्य व्यवसायिक भवनहरूको हकमा यो व्यवस्था लागू हुने छैन ।

नोट: भवन निर्माण सम्बन्धि मापदण्ड र आचार संहीता विपरीत निर्माण भएका भवनहरूको नक्सा वनाउने व्यक्ति, कन्सलटेन्सी फर्म वा कम्पनीलाई नियम बमोजिम कारवाही गरीने छ ।

सुन्दरहरैचा नगर कार्यपालिकाको कार्यालय
विराटचौक मोरङ
प्रमुख प्रशासकीय अधिकृत